"समृद्ध नगर : खुसी नगरवासी"
गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३
☎ ०८३-५१००३२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

प.स २०७९।०८०
च.न

मिति २०७९।१०।०४

**विषय : विद्यालय अनुमति,तह तथा कक्षा थप सम्वन्धी सूचना ।**

शैक्षिक सत्र २०८० मा गुर्भाकोट नगरपालिका भित्र विद्यालय सञ्चालन अनुमति लिन र सञ्चालनमा रहेका विद्यालयहरुले कक्षा थप गर्न तपसिल बमोजिमका कागजात सहित मिति २०७९ माघ मसान्त भित्र गुर्भाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखामा गुर्भाकोट नगर शिक्षा नियमावली २०७५ को अनुसूची १ को ढाँचामा निवेदन पेश गर्न सम्वन्धित सवैलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१.शैक्षिक गुठीको विधान वा कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपी ।**(संस्थागत विद्यालयको हकमा)**
२.जग्गा वा भवन भाडामा लिएको भए कम्तिमा ५ वर्ष सम्मको लागि घर वा जग्गा धनीले वहालमा दिने सम्वन्धमा भएको कबुलियतनामा पत्रको प्रमाणित प्रतिलिपी ।
३.प्रस्तावित विद्यालयको शैक्षिक नक्सा ।
४.सम्वन्धित वडा शिक्षा समिति वा वडाको सक्कलै सहमति पत्र ।
५.तल्लो कक्षा वा तहको अनुमति पत्रको प्रमाणित प्रतिलिपी **(कक्षा अपग्रेडका लागि मात्र)**
६.विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको विद्यालयको सक्कलै पत्र ।
७.विद्यालयले विद्यार्थीसँग लिने शुल्क विवरण **(संस्थागत विद्यालयको हकमा )**
८.सम्वन्धित निकायले शुल्क प्रस्ताव समर्थन गरेको पत्रको प्रमाणित प्रतिलिपी **(संस्थागत विद्यालयको हकमा )**
९.विद्यालयले पठनपाठन गराउने पाठ्यक्रम विकास द्वारा सूचीकृत पाठ्यपुस्तकको विवरण
१०.छात्रवृति प्रदान गरेको वि.व्य.सको निर्णय सहित छात्रवृति पाउने विद्यार्थीको सूची **(कक्षा अपग्रेडका लागि मात्र)**
११.शिक्षक नियुक्ति पत्र र निजहरुको नागरिकता शैक्षिक योग्यताको प्रमाणपत्र, अध्ययन अनुमतिपत्रको प्रमाणित प्रतिलिपी
१२. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको सेवा शर्त सम्बन्धी विनियमावलीको छाँया प्रति ।
१३.संस्थापकको नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी तथा **Biodata**
१४. आयकर दर्ता (स्थायीलेखा नं.) र कर तिरेको प्रमाणको प्रमाणित प्रतिलिपी **(तह कक्षा अपग्रेडका लागि मात्र ।**
१५.आ.व २०७८।०७९ को लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी **(कक्षा अपग्रेडका लागि मात्र ।**
१६.शिक्षा नियमावली २०५९(संशोधन समेत) को अनुसूची ३ तथा गुर्भाकोट नगर शिक्षा नियमावली २०७५ को अनुसूची २ मा उल्लेखित पूर्वाधार पुरा भएको पुष्टी हुने कागजातहरु ।
१७. विद्यालयको अनुमति, तह वा कक्षा थप के माग गर्ने हो सो सम्वन्धमा गरिएको वि.व्य.सको निर्णयको प्रमाणित प्रतिलिपी ।
१८.सम्वन्धित निरीक्षण क्षेत्रका विद्यालय निरीक्षकको निरीक्षण प्रतिवेदन ।
१९.अभिभावक भेलाको निर्णय प्रतिलिपी **(नयाँ विद्यालय सञ्चालनको हकमा )**
२०.नजिकका कम्तिमा २ वटा विद्यालयको सहमति पत्र **(नयाँ विद्यालय सञ्चालनको हकमा )**

२०७९।१०।०४

**पदम बहादुर वि.क**
**शिक्षा अधिकृत**

**नोट : गुर्भाकोट नगर शिक्षा नियमावली २०७५ नगरपालिकाको वेवसाईट www.gurbhakotmun.gov.np मा हेर्न सकिने छ ।**

**बोधार्थ**
**श्री सूचना प्रविधि शाखा: वेवसाइटमा राखिदिनहुन ।**



CamScanner